लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय रोल्पा
लिवाङ

## प्रस्ताव माग सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/०४

यस कार्यालयको चालु आ.व २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसारका तपसिलमा बमोजिमको कार्यक्रमहरूका तपसिल अनुसारका क्रियाकलापहरू सामुदायिक वन उपभोक्ता समुह वा कवुलियती वन समुह मार्फत सम्झौता गरी संचालन गर्नुपर्ने भएकोले समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान निर्देशिका, २०७८, समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१, लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लगायत प्रचलित नियम बमोजिम कार्यक्रम संचालन गर्न वा अनुदान सहयोग प्राप्त गर्न इच्छुक र योग्यता पुगेका सामुदायिक वन उपभोक्ता समुह/ कबुलियती वन उपभोक्ता समूह/ विद्यालय/उद्यमी/ किसानले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र डिभिजन वन कार्यालय रोल्पा, लिवाङमा देहायका कागजातहरु संलग्न राखि प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ । प्रस्तावको छनौट र मुल्यांकन समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१ र समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान निर्देशिका, २०७८ लगायत प्रचलित कानून बमोजिम यस कार्यालयको निर्णय अनुसार हुनेछ । विस्तृत जानकारी एवं प्रस्ताव तयारी सहयोग मागको लागि यस कार्यालय अन्तर्गतका सव-डिभिजन वन कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

| सि.नं. | क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | कार्यविधि अनुसारको व्यवस्था |
|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु लाखमा | |
| १ | समृध्दिको लागी वन कार्यक्रम | | | | |
| १.१ | सा.व.उ.स. को दिगो वन व्यवस्थापन कार्ययोजना नविकरण /परिमार्जन तथा हस्तान्तरण सहयोग (२.७.२५.१७५) | पटक | १ | ९.० | प्रति समूह लगत अनुमानको आधारमा ४० हजार देखी १ लाख ५० हजार सम्म रकम अनुदान वापत प्रदान गरिने । |
| १.२ | कबुलियती वन उपभोक्ता समूह गठन, विधान तयारी, कार्ययोजना तयारी तथा हस्तान्तरण/ नविरकण ( २.७.२५.१७८) | पटक | १ | १.५ | प्रति समूह लगत अनुमानको आधारमा अधितम १० हजार सम्म रकम अनुदान वापत प्रदान गरिने । |
| १.३ | पात, पतिंगर, झाडी आदी व्यवस्थापन (२.७.२५.१८०) | पटक | १ | २.० | लागत अनुमानको कम्तिमा २५ % सम्वन्धित समूह/ प्रस्तावकबाट व्यहोर्नु पर्नेछ । |
| १.४ | कवुलियति वन कार्ययोजना कार्यान्वयनमा सहयोग (२.७.२५.१८१) | पटक | १ | १५ | लगत अनुमानको ५० प्रतिशत मात्र अनुदान वापत रकम प्राप्त हुने । क्रियाकलापहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भएको हुनुपर्ने । |
| १.५ | सामुदायिक वन/ सार्वजनिक जग्गामा बृक्षारोपण (२.७.२५.१९२) | पटक | १ | ६ | लागत अनुमानको कम्तिमा २५ % सम्वन्धित समूह/ प्रस्तावकबाट व्यहोर्नु पर्नेछ । |

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय रोल्पा
लिवाङ

| सि.नं. | क्रियाकलाप | इकाई | बार्षिक सक्ष्य | | कार्यविधि अनुसारको व्यवस्था |
|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु लाखमा | |
| १.६ | सामुदायिक वनको कार्ययोजना कार्यान्वयन, समुदायमा आधारीत वन व्यवस्थापन अनुदान कार्यक्रम (२.७.२५.१९३) | पटक | १ | २० | कम्तिमा ५०% रकम सम्बन्धित संस्था/समूहले ब्यहोर्नु पर्ने । |
| २ | जडिबुटी विकास कार्यक्रम | | | | |
| २.१ | प्राकृतिक जडिवुटी संरक्षण तथा खेति विस्तार (११.४.१७.१७७६) | पटक | १ | ५ | राष्ट्रिय वनक्षेत्र, सामुदायिक तथा सार्वजनिक तथा निजी जग्गाहरु । |
| २.२ | पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार (११.४.१७.१७७७) | पटक | १ | ५ | पदमचाल/सतुवा/टिमुर/पाखनवेद जडीबुटी खेतिहुन सक्ने क्षेत्रहरु । सामुदायिक वा कवुलियती वन उपभोक्ता समूहको साथै उद्यमी र किसानले समेत प्रस्ताव पेश गर्न सक्ने । |
| २.३ | कबुलियती वन प्रवर्धन तथा सहजीकरण कार्यक्रम (११.४.१७.१७९२) | पटक | १ | ५ | कार्ययोजना कार्यान्वयन, कार्ययोजना नविकरण, कार्ययोजना तयारी लगायत कार्य गर्नुपर्ने । |
| ३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन | | | | |
| ३.१ | सामुदायिक वनको कार्ययोजना नविकरण (१.४.३.३६) | पटक | १ | ५ | प्रति समूह अधिकतम रू. ४० हजार सम्म । |
| ४ | जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावार विकास कार्यक्रम | | | | |
| ४.१ | पाषाणभेद र सतुवा विकास कार्यक्रम (११.४.१७.१५२९) | पटक | १ | ५ | बिरूवा खरिद, मल खरीद, विरूवा ढूवानी, बिरूवा रोपण लगायत । |
| ४.२ | टिमुर प्रशोधन तथा मुल्य अभिबृध्दी कार्यक्रम, ड्रयार भण्डार समेत (११.४.१७.१८२४) | पटक | १ | १० | ड्रायर खरिद, प्रशोधन तालिम, भण्डारण व्यवस्थापन लगायत । |
| ४.३ | टिमुर खेती विकास तथा प्रवर्धन कार्यक्रम (११.४.१७.३६७) | पटक | १ | १० | बिरूवा खरिद, मल खरीद, विरूवा ढुवानी,बिरूवा रोपण, बारबेर लगायत |
| ५ | वातावरण तथा जलवायू अनुकुलन कार्यक्रम | | | | |
| ५.१ | वर, पिपल,शमी तथा लाकुरी रोपण तथा चौतारा व्यवस्थापन (११.४.१७.११८६) | प्याकेज | १ | ३ | पुराना वर, पिपल, शमी तथा लाकुरीको चौताराको संरक्षण, मर्मत सुधार तथा नयाँ निर्माण लगायत। |
| ५.२ | स्कूल बगैचा कार्यक्रम (११.४.१७.१३५८) | प्याकेज | १ | ३ | सार्वजनिक विद्यालयहरूवाट प्रस्ताव पेश गरिनु पर्ने । |

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय रोल्पा
## लिवाङ

| सि.नं. | क्रियाकलाप | इकाई | बार्षिक सक्ष्य | | कार्यविधि अनुसारको व्यवस्था |
|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु लाखमा | |
| ६ | कृर्षि वन तथा बृहत्तर हरियाली प्रवर्धन कार्यक्रम | | | | |
| ६.१ | नदी उकास तथा सार्वजनिक जग्गामा विरूवा रोपण/बृक्षारोपण (बृक्षारोपन योजना तयारी र कार्यान्वयन (११.४.१७.१९६.४) | हेक्टर | ४ | ५ | अतिक्रमित क्षेत्र, चरिचरणको चपेटामा परेको वन क्षेत्र, नदी उकास तथा सार्वजनिक जग्गालाई प्राथमिकता दिईने। |
| ७ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षंण तथा व्यवस्थापन कार्यक्रम | | | | |
| ७.१ | वन अतिक्रमण नियन्त्रण ( वन सिमांकन समेत) (११.४.१७.५१९) | प्याकेज | १ | २.५ | वन क्षेत्र र निजी आवादी छुट्याई वन सिमांकन गर्ने लगायतका कार्य गर्नु पर्ने । |
| ७.२ | मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन (११.४.१७.१३०७) | हेक्टर | ५ | १.२५ | वन तथा सिमसार क्षेत्रमा समस्याका रूपमा रहेका Eupatorium adenophorum, Lantana camara, Mikania micrantha लगायतका प्रजाती नियन्त्रण तथा व्यवस्थापन गर्नु पर्ने । |
| ७.३ | संकटापन्न तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु (पक्षी समेत) संरक्षण कार्यक्रम | प्याकेज | १ | ५ | लौठ सल्ला, गुराँस, देवदार, लगायत वनस्पति तथा हाब्रे (Red Panda), मयूर लगायत वन्यजन्तु, पदमचाल लगागयका जडिबुटीलाई प्राथमिकता दिईने । |

<u>संलग्न हुनुपर्ने कागजातहरु</u>

१. अनुदान कार्यक्रममा सहभागी हुनको लागि प्रस्ताव पेश गर्ने, सम्झौताका लागि प्रतिनिधि तोकि पठाउने र तोकिए बमोजिम लागत साझेदारी गर्ने लगायतका उपभोक्ता समूह/समिति/ विद्यालयको निर्णय ।
२. उपभोक्ता समूह/ विद्यालयको वार्षिक प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन ।
३. समूहले आफ्नो इच्छा जाहेर गरि अनुदान कार्यक्रमा सहभागी हुनका लागि अनुरोध पत्र ।
४. सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिश पत्र ।
५. अनुदान भुक्तानी कार्यक्रम सम्बन्धी प्रचलित नियम तथा शर्तहरुसंग सहमती जनाउने प्रतिबद्धता पत्र ।
६. स्थानीय तहको सिफारिस पत्र पेस गर्न सकिने ।
७. समुहको बैंक खाता, समुह दर्ता प्रमाण पत्र सम्बन्धी कागजात ।
८. समुह/ विद्यालय/ उद्यमीको PAN No. प्रमाण पत्र ।

नोट: प्रस्तावहरूको छनौट डिभिजन वन कार्यालय रोल्पाको निर्णय अनुसार हुनेछ ।

यज्ञमूर्ति खनाल
डिभिजनल वन अधिकृत